थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईन्द्रायणी चौर पालुङ, मकवानपुर ।
वागमती प्रदेश, नेपाल

**अत्यावश्यक निशुल्क औषधी खरिद तथा सर्जिकल सामान खरिदको शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति-२०७९/०६/ )

यस नगरपालिकाको चालु आ.व.०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम नगर भित्रका विभिन्न स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यक निशुल्क औषधी तथा सर्जिकल सामाग्री खरिद गरी वितरण गर्नु पर्ने भएकोले सार्वजिक खरिद ऐन,२०६३(चौथो संसोधन) को दफा ४० को उपदफा ३ र सार्वजनिक खरिद नियमावली,२०६४(१२ औं संसोधन) को नियम ८४ को उपनियम १(क) बमोजिम हुने गरी ईच्छुक व्यक्ति,फर्म तथा कम्पनीहरुको फर्म दर्ताको प्रमाणपत्र, नविकरणको प्रमाण पत्र, मू.अ.क.दर्ताको प्रमाण पत्र, आ.व.०७७/७८ को कर चुक्ताको प्रमाण पत्र र Standard Bidding Documents(SBD) मा उल्लेख भए बमोजिमको अन्य आवश्यक कागजात संलग्न गरी देहाय बमोजिमको शर्तहरुको अधिनमा रही ईलेक्ट्रोनिक वोलपत्र (e-Bidding) प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपशील

| सि. न. | सूचना नं. | दरभाउपत्रको विवरण | कुल लागत अनुमान रु. | दरभाउपत्र दस्तुर | विड सुरक्षण जमानत/धरौटी रकम रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र खोल्ने समय |
|---|---|---|---|---|---|---|---|
| १ | Loc/Medicine-01/079/80 | अत्यावश्यक निशुल्क औषधी तथा सर्जिकल सामाग्री खरिद | २०९९०८०.४० | ३,०००/- | ६२९७३/- | e-GP प्रणाली अनुसार | e-GP प्रणाली अनुसार |

शर्तहरु

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ व ०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अख्तियारनामा (Power of Attorney), स्वःघोषणा र वोलपत्र फाराम दस्तुर यस कार्यालयमा नगदै तिरेको रसिद वा कृषि विकास बैंक पालुङ शाखा मकवानपुरको **ग.१.१.आन्तरिक राजस्व खाताको खाता नं.०५०८४०११५५७३८१२१ मा** नगद जम्मा गरेको नगद बैंक भौचर सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट वोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२.वोलपत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।न्यूनतम लागत अनुमानको ३ प्रतिशतले हुन आउने रकम रु. ६२९७३-/(वोलपत्र सुरक्षण जमानत) धरौटी रकम यस कार्यालयको **ग.३.धरौटी खाताको खाता नं. ०५०८४०११५५७३८०३० मा** जम्मा गरी सोको सक्कल भौचर वा कृषि विकास बैंक वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी **६० दिनको म्याद सहित जारी गरिएको विड बण्ड सेक्युरीटि विद्युतीय खरिद प्रणाली (e-GP)** मा अपलोड गर्नुपर्नेछ ।

३.वोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपाइटरको नाम, ठेगाना, मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई **विद्युतीय खरिद प्रणाली (e-GP)** मा दर्ता/अपलोड गर्नुपर्नेछ ।

४.रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्र दाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदा पछि कार्यालय खुल्ने दिनमा गरिनेछ ।

५.वोलपत्र मुल्याङ्कन गर्दा कुनै कैफियत देखिएमा उक्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयको हुनेछ ।

६.स्वीकृत वोलपत्रदाताले कार्यालयसँग सम्झौता गर्न आउँदा कार्यालयले निर्धारण गरेको पहिलो किस्ता वापतको रकम सम्बन्धित खातामा जम्मा गरी नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै पनि बैंकबाट जारी गरिएको **बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड)** सहित र मु.अ.क. समेतको रकम कार्यालयलाई बुझाउनु पर्नेछ । नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७.वोलपत्र स्वीकृति तथा सम्झौताको सन्दर्भमा प्रचलित सार्वजनिक खरिद कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय सरकारबाट जारी गरिएका कानुन, प्रदेश कानुन र प्रचलित कानुन तथा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट जारी गरिएको खरिद प्रक्रियाका कागजात यस प्रक्रियाको अभिन्न अंग हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**